गढवा गाउँपालिका
देउखुरी दाङ, लुम्बिनी प्रदेश नेपाल

# स्थानीय राजपत्र

स्थानीय सरकार द्वारा प्रकाशित

खण्ड : ७ फाल्गुन १६ गते, २०८० साल, संख्या : ४

## भाग - १

### गढवा गाउँपालिकाको सूचना ।

नेपालको संविधानको धारा २२६ बमोजिम गढवा गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## आर्थिक रुपले विपन्न, सिमान्तकृत, विपन्न दलित, अशक्त तथा लोपोन्मुख नागरिकहरुलाई सामाजिक न्यायका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८०

**प्रस्तवनाः** नेपालको संविधानले प्रद्दत्त गरेको सामाजिक न्यायको हकलाई कार्यान्वयन गर्न गढवा गाउँपालिका भित्र बसोवास गर्ने आर्थिक रुपले विपन्नः विपन्न दलित, जेष्ठ नागरिक, असहाय एकल महिला, अनाथ वालबालिका, लोपोन्मुख समुदाय, मधेशी मुस्लिम, मुक्त कम्लहरी, अपाङ्ग, अशक्त र असहाय अवस्थामा रहेका, द्वन्द पिडित, घेरलु हिंसा पिडित, यौनिक अल्पसंख्यक तथा वर्गीय रुपले पिछडीएका समुदायको संरक्षण, उत्थान, सशक्तिकरण, आर्थिक सवलिकरण र विकासका लागि त्यस्ता व्यक्ति तथा परिवारका निम्ति सुरक्षित आवास, स्वरोजगारको लागि सिप विकास तालिम, वडा स्तरमा सामाजिक सुरक्षा भत्ताको सहज वितरण, विपन्न नागरिक परिचयपत्र, बाल पुनर्स्थापना केन्द्र स्थापना,

आर्थिक सहायता लगायतका कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनिय भएकोले,

गढवा गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "सामाजिक न्याय सम्बन्धी ऐन २०८०" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित गरेको मिति देखि प्रारम्भ हुनेछ।

२.**परिभाषा**ः (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा-

(क) "आर्थिक रुपले विपन्न" भन्नाले जीवनयापन गर्ने कुनै आधार, आय श्रोत वा सम्पत्ति नभएका, नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका व्यक्ति वा नेपाल सरकारले वितरण गरेको रातो रङ्गको गरिब घर परिवार परिचय पत्र पाएको परिवारलाई सम्झनु पर्दछ । साथै, सो शब्दले वडा कार्यालयले सिफारिसमा गाउँ कार्यपालिकाबाट विपन्न भनि निर्णय भएका परिवारलाई समेत सम्झनु पर्दछ ।

(ख) "विपन्न दलित" आर्थिक रुपले विपन्न, गरिबीको रेखामुनी रहेका दलित समुदायका नागरिकहरुलाई सम्झनु पर्दछ ।

(ग) "पिछडिएको जातजाती" भन्नाले नेपाल सरकारले सिमान्तकृत, अति सिमान्तकृत र लोपोन्मुख भनि तोकेका विभिन्न जातजाती समेत सम्झनु पर्दछ ।

(घ) "द्वन्द पिडित" भन्नाले विभिन्न समयमा भएका सशस्त्र आन्दोलनका क्रममा गाँउपालिका छोड्न बाध्य पारिएका तथा घाइते भएका वा परिवारको सदस्य गुमाउनु परेका परिवार सम्झनु पर्नेछ।

(ङ) “हिंसा पिडित” भन्नाले घरायसी झै-झगडा , विवाद वा लैङ्गीक हिंसाका कारण शारिरीक, मानसिक पिडामा परेका व्यक्तिहरु सम्झनु पर्दछ।

(च) “यौनिक अल्पसंख्यक” भन्नाले महिला वा पुरुष बाहेक अन्य लैंगिक समूहका गाउँपालिकाले तोकिय बमोजिम ढाँचामा स्वघोषणा गरेका व्यक्ति सम्झनु पर्दछ।

(छ) “पिछडीएका समुदाय” भन्नाले सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक आदि दृष्टिले पछि परेका समुदाय सम्झनु पर्दछ।

(ज) “असहाय एकल महिला” भन्नाले जीवनयापन गर्ने कुनै आधार, आय श्रोत वा सम्पत्ति नभएका, नेपाल सरकारले राजपत्रका सूचना प्रकाशन गरी तोकेको भन्दा न्यून आय भएका असक्त र असहाय अवस्थामा रहेका महिला सम्झनु पर्छ।

(झ) "नि-शूल्क शिक्षा” भन्नाले गढवा गाउँपालिका अन्तर्गत कक्षा १ देखि कक्षा १० सम्मको सामुदायिक विद्यालयहरुमा प्रदान गरिने शिक्षालाई जनाउनेछ ।

(ञ) "स्वास्थ्य विमा” भन्नाले नेपाल सरकारले लागु गरेको स्वास्थ्य विमा कार्यक्रमलाई जनाउनेछ।

(ट) “आवास” भन्नाले गढवा गाउँपालिकाको भौतिक पुर्वाधार सञ्चालन तथा व्यवस्थान ऐनले तोके बमोजिमको आवास एकाई सम्झनु पर्दछ ।

(ठ) “आवास एकाई” भन्नाले एक लाभग्राही परिवारले पाउने एकै किसिमका घर सम्झनु पर्दछ ।

(ड) “सिप विकास तालिम” भन्नाले कृषि, पशुपालन, हस्तकला, काष्ठकला, मूर्तिकला, कंकृटजन्य उत्पादन, अटोमोबाईल रिपेरिङ्ग, ईलेक्ट्रिकल, ईलेक्ट्रोनिक, पलम्बिङ, टेलरिङ, खाद्यपदार्थ उत्पादन लगायतका सिप विकास सम्बन्धी स्वरोजगार तथा रोजगारी सिर्जना हुने खालका सम्पूर्ण तालिमहरु सम्झनु पर्दछ ।

(ढ) "कार्यक्रम" भन्नाले दफा ६ बमोजिमका कार्यक्रमहरुलाई सम्झनु पर्दछ । यस शब्दले संघीय सरकार, प्रदेश सरकार वा अन्य निकायबाट गाउँपालिकाका नागरिकहरुका लागि शिक्षा, स्वास्थ्य, रोजगारी वा आवास निर्माण कार्य गर्ने गरी प्रदान गरिने विशेष अनुदान वा छुट्टै कार्यविधि वा कानून वा शर्तहरु व्यवस्था नभएको गाउँपालिकाबाट कार्यान्वयन हुने गरी प्राप्त अनुदान सहितको कार्यक्रमलाई समेत जनाउने छ ।

(ण) "कार्यक्रम निर्देशक समिति" भन्नाले दफा ७ बमोजिमको समितिलाई जनाउनेछ ।

(त) "अशक्त र असहाय अवस्थामा रहेका" भन्नाले आर्थिक रूपले विपन्न शारीरिक वा मानसिक रूपले श्रम गर्न अशक्त भएको, पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको व्यक्ति सम्झनु पर्छ।

(थ) "अपाङ्गता भएका" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीय सम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता वा विद्यमान अवरोधको कारण अन्य सामान्य व्यक्तिसरह समान आधारमा सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ।

## परिच्छेद -२
## लक्षित वर्गको पहिचान तथा छनौट

३. **लक्षित वर्गको पहिचानः** (१) लक्षित वर्गको पहिचान देहायका आधारमा गरिने छ ।

(क) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र स्थायी रुपमा बसोबास गर्दै आएको हुनुपर्ने तर नेपाल सरकार प्रदेश सरकारबाट सञ्चालित यस्तै कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति लाभग्राही हुन नसक्ने,

(ख) नेपाली नागरिक,

(ग) नेपाल सरकारको विपन्न परिचय पत्र प्राप्त। नेपाल सरकारबाट परिचय पत्र उपलब्ध नगरुन्जेलसम्मका लागि वडा कार्यालयबाट स्थलगत सर्जमिन गरी विपन्न सिफारिस भई गाउँकार्यपालिकाको निर्णयानुसार विपन्न प्रमाणित भएको,

(घ) स्थानीय, प्रदेश र नेपाल सरकारलाई बुझाउनु पर्ने राजश्व बुझाएको,

(ङ) लाभग्राहि हुन ईच्छुक व्यक्तिले वडाको सिफारिस सहित तोकिए बमोजिमको ढाँचामा निवेदन दिएको,

(च) अपाङ्गता भएका व्यक्ति, असहाय, अतिसिमान्तकृत जाती, लोपोन्मुख, अल्पसंख्यक जाती वा दलित जातीमा सूचीकृत भएको जाती प्राथमिकतामा पर्ने,

(छ) आवास निर्माणको हकमा स्थानीय निर्माण सामग्री र श्रमको योगदानको साझेदारी गर्न प्रतिवद्ध रहेको ।

(ज) लक्षित वर्गको विशिष्टिकरण सहितको पहिचान तोकिए बमोजिम हुनेछ ।

४. **<u>लाभग्राही छनौटको आधारः</u>** (१) लाभग्राही छनौट गर्ने प्रयोजनको लागि कार्यालयले आफ्नो वेभसाइट वा फेसबुक पेजमा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना आव्हान गरेपछि आवेदन दिएका परिवारको स्थलगत सर्भेक्षण गरि छनौट गरिने छ ।

(३) उपदफा (२) बमोजिम छनौट हुने आधार तोकिए बमोजिम हुनेछ ।

(४) दफा (६) बमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि मापदण्ड तथा छनौट विधि तोकिए बमोजिम हुनेछ ।

(५) उपदफा (१)बमोजिम लाभग्राही छनौट गर्दा कार्यालयले प्रत्येक कार्यक्रमका लागि एकजना सम्पर्क अधिकारी तोक्न सक्नेछ। आवश्यक्ता अनुसार उक्त अधिकारीले स्थलगत अध्ययन अनुगमन गरि कार्यक्रम निर्देशक समितिमा प्रतिवेदन पेश गर्नेछ ।

५. **लाभग्राहीको सूची प्रकाशनः** (१) दफा ८ बमोजिम सर्भेक्षण सम्पन्न भएको १५ दिन भित्र दफा दफा ६ बमोजिमका कार्यक्रमहरुको लाभग्राहीको छनौट गरी प्राथमिकता समेत तोकी लाभग्राहीको सूची प्रकाशन गर्नेछ । यसरी सूची प्रकाशन गर्दा दफा ४ बमोजिम छनौट गरी सोही आधारमा प्राथमिकता तोकी सूची प्रकाशन गर्नु पर्नेछ।

## परिच्छेद- ३

## कार्यक्रम सम्बन्धी व्यवस्था

६. **सामाजिक सुरक्षाका कार्यक्रमहरुः** (१) लाभग्राही समुदायका नागरिकहरुलाई सामाजिक न्याय प्रबर्द्धन गर्ने कार्यक्रम अन्तर्गत आवश्यक्ता अनुसार देहाय बमोजिमका कार्यक्रमहरुबाट लाभान्वित गराउन सकिनेछ ।

क. विपन्न जनता आवास कार्यक्रम
ख. विपन्न नागरिक निशुल्क स्वास्थ्य विमा कार्यक्रम
ग. विपन्न विद्यार्थि छात्रवृत्ति तथा शैक्षिक सामाग्री सहयोग कार्यक्रम
घ. स्वरोजगार प्रबर्द्धनार्थ सिप विकास तालिम कार्यक्रम
ङ. जेष्ठ नागरिक तथा अपाङ्ग घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम
च. “ग” र “घ” वर्गका अपाङ्ग स्वरोजगार कार्यक्रम
छ. द्वन्दपिडित, घाईते तथा शहिद परिवार उत्थान कार्यक्रम
ज. गरिब तथा जेहेन्दार उच्च शिक्षा अध्ययन सापटि कार्यक्रम
झ. अति विपन्न खाद्यन्न सहयोग कार्यक्रम
ञ. अति विपन्न नगद आर्थिक सहायता कार्यक्रम
ट. सिमावर्ति क्षेत्रका तथा विपन्न विद्यार्थि निशुल्क छात्राबास कार्यक्रम
ठ. परम्परागत सिप विकास, पेशा प्रबर्द्धन तथा व्यवस्थापन कार्यक्रम
ड. अध्यक्ष शैक्षिक सुधार कार्यक्रम
ढ. गर्भवती संग उपाध्यक्ष कार्यक्रम

ण. अशक्त नागरिक संरक्षण कार्यक्रम
त. अपाङ्गता भएका नागरिक तथा जेष्ठ नागरिक सहायक सामाग्री वितरण कार्यक्रम
थ. घरदैलोमा सामाजिक सुरक्षा कार्यक्रम
द. विपन्न नागरिक परिचयपत्र वितरण कार्यक्रम
ध. यौनिक अल्पसंख्यक नागरिक स्वरोजगार कार्यक्रम
न. सिमान्तकृत/ अति सिमान्तकृत/ लोपोन्मुख समुदाय संरक्षण कार्यक्रम
प. बालमैत्री स्थानीय सरकार प्रर्बद्धन कार्यक्रम
फ. हिंसा पिडित नागरिक संरक्षण तथा पुर्नस्थापनार्थ सुरक्षित आवास गृह संचालन तथा व्यवस्थापन कार्यक्रम
ब. मदिरा तथा सुर्तिजन्य पदार्थ नियन्त्रण अभियान
भ. जेष्ठ नागरिक कल्याण र व्यवस्थापन कार्यक्रम
म. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यक्रम आदि

(२) उपदफा (१) बमोजिमका कार्यक्रमहरु कार्यक्रम निर्देशक समितिको निर्णयानुसार एकै परिवारमा एक वा एक भन्दा बढी कार्यक्रम लागु गर्न सक्नेछ तर यसरी लाभग्राहीहरु छनौट गर्दा अधिकतम घरधुरी लाभान्वित हुने गरि गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक बजेट गाउँपालिकाको गाउँसभाले शीर्षकगत रुपमा वार्षिक बजेटमा विनियोजन गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमका कार्यक्रमहरुका अलवा सामाजिक न्याय प्रवर्द्धन कार्यक्रमहरु थप गर्नु परेमा कार्यक्रम निर्देशक समितको सिफारिसमा गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि लागु गर्न सकिनेछ । उक्त कार्यक्रमहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(५) उपदफा (१) बमोजिमका कार्यक्रमहरु कार्यान्वयनको लागि गाउँकार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद- ४
## कार्यक्रम कार्यान्वयन समिति सम्बन्धी व्यवस्था

७. **कार्यक्रम निर्देशक समितिः** (१) सामाजिजक न्याय सम्वन्धि कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकामा तपसिल बमोजिमको एक कार्यक्रम निर्देशक समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) गाउँ कार्यपालिकाको सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (घ) कार्यपालिकाको पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (च) अध्यक्षले तोकेको महिला र दलित कार्यपालिका सदस्य एक/एक जना गरि दुई जना | सदस्य |
| (छ) महिला तथा बालबालिका विकास ईकाई हेर्ने कर्मचारी | सदस्य |
| (ज) सामाजिक विकास शाखाको प्रमुख | सदस्य सचिब |

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएता पनि समितिले आवश्यक ठानेमा कार्यक्रम कार्यान्वय क्षेत्रका सम्बन्धित विषयका विज्ञ वा अन्य पदाधिकारीहरु तथा सम्बन्धीत विषयगत शाखाका कर्मचारीहरुलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका सिलसिलामा गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत समितिहरुलाई आवश्यक निर्देशन दिने,

(ग) लाभग्राही छनौट गर्न लाभग्राही सर्भेक्षण गराउने, पुष्टिकरण गराउने, लाभग्राही छनौट गर्ने र लाभग्राहीको सूची प्रकाशन गर्ने ।

(घ) कार्यक्रमको प्रगति समीक्षा गर्ने,

(ङ) कार्यक्रमको संचालन र कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य निजी क्षेत्रहरुसँग समन्वय गर्ने,

(च) कार्यान्वयनमा आएका बाधा अड्काउ फुकाउने,

(छ) कार्यक्रममा आवश्यकता अनुसार दण्ड गर्नुपर्ने भएमा सोको सिफारिश गर्ने,

(ज) कार्यक्रम लागु भएको स्थानमा आवश्यक समन्वयका लागि कार्यपालिकामा सिफारिश गर्ने,

## परिच्छेद-५
## विविध

८. **सर्वेक्षणः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको विभिन्न जातजाती, उनिहरुको आर्थिक शैक्षिक, स्वास्थ्य र आयआर्जनको अवस्थाको वस्तुस्थिति बुझ्न तथा यकिन गर्न आवधिक रुपमा गाउँपालिकाबाट तोकिय बमोजिमको ढाँचामा सामाजिक विकास सर्वेक्षण गर्न सकिनेछ ।

९. **गुनासो व्यवस्थापनः** (१) गाउँपालिकाले सामाजिक सुरक्षा, सामाजिक विकास र सामाजिक न्याय कार्यान्वयनसँग सम्बन्धित गुनासो र उजुरीको संकलन गर्ने र त्यसको सम्बोधनको लागि एक गुनासो सुन्ने अधिकारी तोक्न सक्नेछ ।

१०. **परामर्श लिन सक्नेः** (१) गाउँ सभा, गाउँकार्यपालिका या सामाजिक विकास शाखा (इकाई) ले यस ऐनको कार्यान्वनयको लागि सम्बन्धित विषयका विज्ञसँग सल्लाह र परामर्श लिन सक्नेछ।

११. **अधिकार प्रत्यायोजन गर्न सक्नेः** (१) गाउँपालिकाले यस ऐन अन्तर्गत तोकिएका केही जिम्मेवारी तथा अधिकार सामाजिक विकास समिति वा सामाजिक विकास शाखामा प्रत्यायोजन गर्न सक्नेछ ।

१२. **उपसमिति गठन गर्न सक्नेः** (१) गाउँ कार्यपालिकाले समग्र सामाजिक विकासको क्षेत्रको बास्तविक स्थिति पहिचान गरी आवश्यक क्षेत्रगत कार्य विशिष्टिकरण मार्फत सामाजिक उन्नयन गर्न पदाधिकारी, कर्मचारी तथा विज्ञहरुबाट देहाय बमोजिम क्षेत्रगत उप-समिति गठन गर्न सक्नेछ ।

(क) विपन्न जनता आवास निर्माण उप-समिति
(ख) निशुल्क स्वास्थ्य विमा नियमण उप-समिति
(ग) निशुल्क शिक्षा कार्यक्रम कार्यान्वयन उप-समिति
(घ) सिप विकास तथा रोजगार प्रबर्द्धन उप-समिति आदी

१३. **प्रत्यायोजित अधिकार** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको प्रतिकुल नहुने गरि गाउँकार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधी वा मापदण्डहरु बनाउन सक्नेछ ।

१४. **<u>संक्रमणकालिन व्यवस्थाः</u>** (१) ऐन लागुहुनु पूर्व यस ऐनको विषय संग मिल्ने कार्यक्रम चालु रहेछन भने यस ऐन भित्र पर्ने छन ।

१५. **<u>बाधा अड्काउ फुकाउने अधिकारः</u>** (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा गाउँकार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनको अंग मानिनेछ ।

आज्ञाले
अम्मर राज शर्मा
प्रमुख प्रशासकीय अ धकृत